**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको**
**नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटद्वारा**

**नील हिरा समाजद्वारा आयोजित**
***विविधताको उत्सव मनाउने* कार्यक्रममा प्रस्तुत वक्तव्य**

२०६४ भदौ २६, काठमाडौं, नेपाल

नील हिरा समाजका सदस्य, विशिष्ट पाहुना तथा मित्रहरू,

आज यो अद्वितीय कार्यक्रममा मलाई निम्तो दिनुभएकोमा धेरै धन्यवाद। तपाईंको कार्यक्रमले प्रोत्साहनउत्साह तथा समर्थनका शब्दहरू दिएको जनाउँदछ। म त्यही अग्रसरतालाई अनुसरण गर्न तथा नेपालमा अल्पसङ्ख्यकहरू - विशेषगरी महिला तथा पुरुष समलिङ्गी, द्विलिङ्गी र *मेटी* (तेस्रो लिङ्गी मानिस) - का अधिकारहरूको सम्मान तथा संरक्षण भएको र नेपाली समाजलाई पुनर्निर्माण गर्ने चालु आयोजनामा उनीहरू पूर्णरूपमा सहभागी हुन सकून् भन्ने कुरा सुनिश्चित गर्न तपाईंका निरन्तर प्रयासका लागि नील हिरा समाजलाई बधाई दिन चाहन्छु।

नेपालको अन्तरिम संविधानले २०६३ मङ्सिर ५ गतेको विस्तृत शान्ति सम्झौताका प्रावधानसँग अनुकूल हुनेगरी भेदभावको उन्मूलन गर्ने र नेपाली समाजमा उत्पीडित तथा उपेक्षित अल्पसङ्ख्यकहरूसँग सम्बन्धित समस्याहरूको सम्बोधन गर्न एउटा खाका विस्तृत रूपमा प्रस्तुत गरेको छ। यसले "यौन"का आधारमा हुने भेदभावलाई विशेषगरी गैरकानुनी पनि घोषित गरेको छ। यो नेपालमा यौन अल्पसङ्ख्यकहरूको प्रतिष्ठालाई प्रत्याभूत गरिनेछ भन्ने कुरा सुनिश्चित गर्नेतर्फको अत्यावश्यक पहिलो कदम हो। तर, कानुनी प्रावधानहरूले मात्र महिला तथा पुरुष समलिङ्गी, द्विलिङ्गी र तेस्रो लिङ्गी व्यक्तिहरूप्रतिको भेदभाव तथा अभद्र व्यवहार तुरुन्त अन्त्य हुनेछ भन्ने कुरा सुनिश्चित गर्दैनन् भनेर तपाईंहरूलाई धेरै राम्ररी थाहा छ। त्यसका लागि ठूलो सामाजिक रूपान्तरण आवश्यक हुन्छ।

त्यसैले, तपाईंहरूको आज यहाँ भएको जस्ता कार्यक्रमहरू एकदम महत्त्वपूर्ण छन् — तिनले नेपालमा अल्पसङ्ख्यकप्रति गरिने व्यवहारमाथिको प्रकाशलाई संकेन्द्रण गर्ने र विधायक, न्यायाधीश, प्रहरी, स्थानीय नेता तथा सर्वसाधारणलाई महिला तथा पुरुष समलिङ्गी, द्विलिङ्गी र तेस्रो लिङ्गी व्यक्तिहरूको अधिकारको सम्मान तथा संरक्षण गर्नुपर्ने आवश्यकताबारे बोध गराउने क्रमिक प्रक्रियालाई मलजल प्रदान गर्छन्। आगामी संविधानसभाको मुख्य कार्यका रूपमा रहेको नयाँ संविधानको मस्यौदा तयार गर्नेहरूका लागि यो ज्ञान महत्त्वपूर्ण हुनेछ। उच्चायुक्त लुइस आर्बरले २०६४ साउन १० गते क्यानाडाको मोन्ट्रियलमा भएको महिला तथा पुरुष समलिङ्गी, द्विलिङ्गी र तेस्रो लिङ्गी व्यक्तिहरूको सम्मेलनमा भन्नुभए जस्तैः "राष्ट्रियस्तरमा मूलतः तपाईंहरूको कानुनी वकालतमार्फत् महिला तथा पुरुष समलिङ्गी, द्विलिङ्गी र तेस्रो लिङ्गी व्यक्तिहरूविरुद्धका कानुनहरू खारेज हुनेछन् र तिनका अधिकारको बढी संरक्षण गर्ने कानुनहरू राखिनेछन्। तपाईंहरूको सामाजिक परिचालन तथा शिक्षामार्फत् रूढिगत कुराहरू हटाइनेछन् तथा दृष्टिकोणहरू परिवर्तन गरिनेछन्।"

उच्चायुक्तको नेपालस्थित कार्यालयको नयाँ प्रतिनिधिका रूपमा म तपाईंहरूलाई यस कार्यालयले सबै अल्पसङ्ख्यकहरको अधिकारको सम्मान सुनिश्चित गर्न मद्दत गर्ने आफ्नो कार्यलाई जारी राख्नेछ भन्ने आश्वासन दिन्छु। यसमध्ये भेदभाव तथा अभद्र व्यवहारका घटनाहरूको अनुसन्धान गर्ने, हाम्रा निष्कर्षहरूबारे प्रतिवेदन गर्ने तथा सरकार, अन्य मत निर्माताहरू तथा सर्वसाधारणसँग अल्पसङ्ख्यकहरूको अधिकारबारे वकालत गर्ने कुरा पर्दछन्।

म हिजो सार्वजनिक गरिएको काठमाडौं घोषणापत्रलाई स्वीकार गर्न यस अवसरको सदुपयोग गर्न चाहन्छु। यस सम्बन्धमा, उच्चायुक्तको कार्यालय-नेपालले नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयनको अनुगमन र यौन तथा लैङ्गिक अलपसङ्ख्यकहरूसँग सम्बन्धितलगायत मानवअधिकारका उच्चतम मापदण्डहरूलाई अवलम्बन गर्ने गरी नयाँ संविधानको

मस्यौदा तयार पार्ने कार्यमा निरन्तर सहयोग र प्रोत्साहन गर्नेछ। तपाईंहरू जस्तै, हामी बढी सहिष्णु तथा समावेशी नेपाली समाजतर्फ प्रतिबद्ध छौं र यो कुरा हासिल गर्न नील हिरा समाजसँग कार्य गर्न उत्सुकतापूर्वक अपेक्षा गर्दछौं।

धन्यवाद।